सत्यवति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ,गुल्मी
प्रदेश नं. ५,नेपाल

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशनमिति : (२०७५/२/२५ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सोलार पावर सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म सिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेख सिलबन्दी दरभाउपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) सिलबन्दी दरभाउपत्र फारमसाथ जमानत वापतको रकम यस गाउँ कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैक, तम्घासमा रहेको धरौटी खाता.हि.नं. ३०१०३०३००७१०८ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको ( सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुनआएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । सिलबन्दी दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०) सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| सिलबन्दी दरभाउपत्र /ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०२/२०७४/०७५ | सोलार पावर ( सिलबन्दी दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | १०००/- | कबोल अङ्कको २.५ प्रतिशत |

२०७५/२/२५

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत